**मिति :२०७५/०८/०४ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. धार्मिक महोत्सव सम्बन्धमा ।
२. कृषि, युवा स्वरोजगार तथा महिला स्वरोजगार कार्यक्रम सम्बन्धमा ।
३. योजना कार्यान्वयन सम्बन्धमा ।
४. सडक स्तरोन्नती सम्बन्धमा ।
५. कार्यालय संचालन सम्बन्धमा ।
६. काज सरुवा सम्बन्धमा ।
७. घर घाडा सम्बन्धमा ।
८. कार्यालय सहयोगी सम्बन्धमा ।
९. विद्यालयको कक्षा थपको लागि अनुमति सम्बन्धमा ।
१०. योजना संशोधन सम्बन्धमा ।
११. रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा “मध्यनेपाल जाँउ, पुण्य कमाऊ” भन्ने नारा साथ धार्मिक पहिचान सहित मध्यनेपाललाई विश्वमा चिनाउन बृहत् धार्मिक महोत्सव गर्ने कार्यक्रम अनुरुप नगरस्तरीय धार्मिक समिति मार्फत यही २०७५ सालको महाशिवरात्रीको अवसर पारी २०७५ साल फाल्गुण १६ गते देखि २० गतेसम्म ईशानेश्वर महादेव करापुटारमा बृहत् धार्मिक महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा कृषि, युवा स्वरोजगार तथा महिला स्वरोजगारका लागि स्वीकृत कार्यविधि अनुरुप व्यक्ति, समूह वा संस्थाहरुबाट प्रस्ताव सहित योजना पेश गर्नका लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा नगर सभाबाट स्वीकृत रु २० लाख वा सो भन्दा बढिका योजनाहरु टेण्डर प्रक्रिया द्धारा कार्यान्वयन गर्ने र नगरपालिकाबाट ट्र्याक खुलीसकेका सडक योजनाहरुमा हुने निर्माणको

कार्य गर्दा कम्तीमा ६० % काम (Structure) (पक्की नाली, कल्भेट, कज्वे, टेवापर्खाल तथा सोलीङ्ग आदी ) गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा गत आ.व.को संचित रकमबाट खर्च गर्ने गरी नगरपालिका भित्र ४ वटा ठाँउ छनौट गरी खोलामा कजवे तथा स्ल्यावकल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा कार्यालय संचालनको लागि घर भाडामा लिई संचालन भएका वडा कार्यालयहरुलाई आफ्नै भवन भएको वडाहरुमा आवश्यक मर्मत गरी सरकारी भवनबाट नै वडा कार्यालय संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ४ को मालिका आधारभूत विद्यालयमा कार्यरत प्रा.वि. शिक्षक श्री विजया न्यौपाने लाई मध्यनेपाल नगरपालिका वडा नं ५ पराजुलीबेसीको भवानी प्रा.वि.मा काज सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा नगरपालिका भित्रका विभिन्न विद्यालय र स्वास्थ्य चौकीहरुमा जडान गर्नका लागि प्राप्त सोलार सामाग्रीहरु २०७५ बैशाख देखी असोजसम्म (६ महिना ) स्टोर गरिएको घर भाडा रकम रु ५०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा वडा नं २ र ८ वडा कार्यालयहरुमा कार्यालय सहयोगी नभएका कारण कामकाज गर्न कठिनाई भएकोले दुवै वडाको लागि कार्यालय सहयोगी १/१ जना सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस नगरपालिका वडा नं ६ भोर्लेटार स्थित रानीपानी ग्रिनभ्याली एकेडेमीले शैक्षिक सत्र २०७५ साल बाट कक्षा १० संचालनको लागि अनुमति माग गरेकोले शौक्षिक सत्र २०७५ साल देखि १० कक्षा संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा नगर सभाबाट स्वीकृत वडा नं २ का निम्न योजनाहरुलाई निम्न बमोजिम योजनाहरुमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

क) क्र.सं. ४० मा उल्लेखित खानेपानी सम्पूर्ण (जल्पादेवी ) रु ३ लाख बाट सोही योजनामा २ लाख र तान्द्राङ टक्सार खानेपानी तथा सरसफाई उपभोक्ता समिति मर्मतमा रु १ लाख ।

ख) क्र.सं. ५५ मा उल्लेखित सम्पूर्ण विद्यालय शैक्षिक सामाग्री खरिद तथा मर्मत रु ३ लाख बाट शैक्षिक सामाग्री खरिद तथा मर्मतमा बालविकास मा.वि. १ लाख ५० हजार, चन्द्रज्योति प्रा.वि. १ लाख, सूर्योदय प्रा.वि. ५० हजार ।

ग) क्र.सं. ५६ मा उल्लेखित स्वास्थ्य चौकी तथा सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन रु २ लाख बाट स्वास्थ्य चौकी फर्निचर मर्मतमा रु १ लाख, आयुर्वेद औषधालय फर्निचर मर्मतमा रु ५० हजार र कृषि/पशु समपर्क केन्द्र सोतीपसल मर्मतमा रु ५० हजार ।

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा गत वर्षको मौज्दात रकमबाट खर्च हुने गरी देहाएका योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

- विजयचोक देखि मुगरेसम्म बाटो मर्मत, मध्यनेपाल न.पा. ८ — रु १ लाख
- जनमिलन आमा समूह मुकुटे करापु, मध्यनेपाल न.पा. ८ — रु १ लाख
- लक्ष्मी प्रा.वि. मध्यनेपाल न.पा. वडा नं ७ — रु १ लाख
- कटुण्जे आमा समूह, मध्यनेपाल न.पा.वडा नं ६ — रु २ लाख
- थानसीङ्ग आमा समूह भवन मर्मत, मध्यनेपाल न.पा. १० — रु ३ लाख
- शहरी सामुदायिक स्वास्थ्य केन्द्र फर्निचर तथा व्यवस्थापन — रु ५ लाख
- समिभञ्ज्याङ्ग महिला सहकारी व्यवस्थापन, मध्यनेपाल न.पा. ५ — रु १ लाख
- नगरपालिका आवास व्यवस्थापन तथा फर्निचर खरिद — रु ५ लाख
- कुमाल समाज भवन मर्मत, मध्यनेपाल न.पा. ४ — रु २ लाख
- एकता आमा समूह भवन मर्मत, जिताबेशी मध्यनेपाल न.पा. १ — रु २ लाख
- खत्रीखेत-रातमाटा-शाखा मोटरबाटो, मध्यनेपाल न.पा. वडा नं ९ — रु २ लाख
- जेष्ठ नागरिक विश्राम स्थल मर्मत, मध्यनेपाल न.पा. वडा नं ३ — रु १ लाख
- काउरे दलित वस्ती भवन मर्मत, मध्यनेपाल न.पा. वडा नं ६ — रु १ लाख
- सोतीपसल फुटबल ग्राउण्ड बाटो मर्मत, मध्यनेपाल न.पा. वडा नं २ — रु १ लाख पचास हजार